मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# DGOLD१० ग्राम [DGOLD10GM] का लागि पालना गर्नुपर्ने प्रक्रिया र नियम

## १) DGOLD१० ग्राम (भौतिक हस्तान्तरण)मा कारोबार गर्न

- यस करारमा कुनै पनि व्यक्ति वा संस्थाले कारोबार गर्न सक्नेछन् ।
- कुनै पनि ग्राहकले यसमा कारोबार गर्नका लागि मेक्स सम्बन्धित कुनै पनि बैंकमा आफ्नो खाता खोलेको हुनुपर्नेछ ।( बैंकिङ्ग साझेदारका लागि यस लिङ्कमा हेर्नुहोला http://www.mexnepal.com/webpages/partners_mex.html)

## २) सामान्य नियम

- भौतिक हस्तान्तरण अनिवार्य छ ।
- करार T + २ दिनका लागि वैध रहनेछ । (T अर्थात् ग्राहकले कारोबार शुरु गरेको दिन हो र २ दिनले त्यसपछिको लगातारको २ दिन जनाउनेछ ।)
- इक्विटी हिट लेभल 'प्रयुक्त मार्जिनको ४% + आधा कमिसन' हुनेछ ।
- करार समाप्ति परिसमापन, दिउँसोको ३ बजे हुनेछ । करार समाप्ति यदि बजार बिदाको दिन परेमा कारोबार हुने अर्को दिन दिउँसो ३ बजे परिसमापन गरिनेछ ।
- ग्राहकले आंशिक भौतिक हस्तान्तरण लिन पाउने छैनन् । जस्तै : यदि कुनै ग्राहकले एकपटकमा दुई लटको करार लिनुभएको छ भने उहाँले दुबै लटलाई एकैपटक राफसाफ गर्नुपर्नेछ । त्यसमध्ये एक लटको मात्र भौतिक हस्तान्तरण लिन पाइने छैन ।
- मेक्सको ग्राहक कारोबारस्थलमा (ट्रेडिङ सफ्टवेयर):
  - ✓ खुला आदेशमा देखाइएको नाफा (Floating Profit) ले ग्राहकको इक्विटीमा कुनै प्रभाव पार्ने छैन ।
  - ✓ खुला आदेशमा देखाइएको नोक्सान (Floating Loss) ले ग्राहकको इक्विटीमा प्रभाव पार्नेछ ।
- T + ६ दिनपछिको भण्डारण शुल्क निम्न स्थितिमा लाग्नेछ :
  ग्राहकले पूरा रकम तिरिसकेर पनि सुनको भौतिक हस्तान्तरण नलिएको अवस्थामा, हस्तान्तरण नलिएसम्मको भण्डारण शुल्क बिक्रेताले तोकेबमोजिम हुनेछ ।

## ३) हस्तान्तरण र राफसाफ प्रक्रिया

**विस्तृत प्रक्रिया :**

- ग्राहकले प्रारम्भिक मार्जिनका रुपमा 'कुल करार मूल्यको १०% + कमिसन' रकम जम्मा गरी कारोबार सुरु गर्न सक्नेछ ।
- ग्राहकले बाँकि ९०% रकम T + २ दिन दिउँसोको ३ बजेभित्र क्लियरिङ्ग सदस्यको बैंक खातामा जम्मा गरि सक्नु पर्नेछ । पूरा रकम बुझाइसकेपछि ग्राहकको खुल्ला कारोबारलाई बन्द गरिनेछ र ग्राहकले सुन लिन सक्नुहुनेछ ।
- ग्राहकले पूरा रकम चुक्ता गरिसकेपछि पनि T+६ दिन भित्र सुनको हस्तान्तरण नलिएको खण्डमा, सुन नलिउन्जेलको दिनसम्मका लागि भण्डारण शुल्क लाग्नेछ ।
- माथि उल्लेखित सामान्य अवस्थामा, ग्राहकको आदेश उसको खरिद मूल्य (Open Price) मै परिसमापन गरिनेछ ।
- भौतिक हस्तान्तरणका लागि ग्राहकले मेक्सको ग्राहक कारोबारस्थलमा (ट्रेडिङ सफ्टवेयर) उपलब्ध गराइएको हस्तान्तरण रसिद (Delivery Receipt) पेश गर्नुपर्नेछ । सो रसिद बुझाइसकेपछि सुन विक्रेता (गहनागृह) ले तल तोकेको दिन, समय र स्थानबाट सुन हस्तान्तरण गर्नेछ ।

| | |
|---|---|
| **हस्तान्तरण केन्द्र :** | गहना गृह (न्युरोड) र जुलेका (गहना गृह, कमलादि) काठमाडौं, नेपाल |
| **सम्पर्क टेलिफोन :** | न्युरोड ०१-४२२४८८६, ४२२४८२६ कमलादि ४४२९२४०, ४४२९२४१ |
| **सम्पर्क व्यक्ति :** | लाल बाबु शाह - ९८१८६९२५१५ र युरोप श्रेष्ठ - ९८०३१२५९४१ |
| **हस्तान्तरण समय :** | कुनै पनि कारोबार हुने दिनमा, विहान ११ :३० देखि साँझ ६ :०० सम्म |

- सुन लिँदा सोको साथमा विक्रेताले प्रचलित कानुनका आधारमा कर-चलान (Tax Invoice) कागजात पनि प्रदान गर्नेछ ।

**वा**

**फ्लोचार्टमा वर्णन :**

मेक्स सम्बन्धित बैंकमा खाता खोल्ने र मेक्सको ग्राहक बन्ने ।

↓

प्रारम्भिक मार्जिनका रुपमा कुल 'करार मूल्यको १०% + कमिसन' रकम क्लियरिङ्ग सदस्यको सेग्रिगेत खातामा जम्मा गरी क्लियरिङ्ग सदस्यलाई सुचना दिने ।

↓

सो रकम ग्राहकको कारोबार स्थलमा अपडेट हुनेछ ।

↓

ग्राहकले कारोबारस्थलबाट 'किन्ने' आदेश दिने ।

↓

ग्राहकले बाँकि ९०% रकम क्लियरिङ्ग सदस्यको सेग्रिगेत खातामा T + २ दिन दिउँसोको ३ बजे भित्र र इक्विटी हिट हुन अघि बुजाइसक्नु पर्नेछ ।

↓

ग्राहकले बाँकी रकम T + २ दिन दिउँसोको ३ बजे भित्र बुजाएमा

↓

मेक्सले ग्राहकको खुल्ला आदेश उसको खरिद मूल्य (Open Price) मै परिसमापन गर्नेछ ।

↓

अन्तत, ग्राहकले विक्रेताद्वारा निर्धारित मिति, समय र हस्तान्तरण केन्द्रमा वस्तुको हस्तान्तरण लिन सक्नुहुनेछ ।

## ४) टाथ पल्टिएको अवस्था

- ग्राहक टाथ पल्टिनुका २ वटा अवस्था छन्:

<u>पहिलो अवस्था</u>: T + २ दिन, दिउँसो ३ बजे भित्र, करार मूल्यको बाँकी रकम जम्मा नगरेको अवस्था

- ✓ यदि ग्राहक नोक्सानमा छ भने ग्राहकको खुला कारोबार, करार समाप्ति परिसमापन समयको बजार मूल्यसंग परिसमापन गरिनेछ ।
- ✓ यदि नाफामा छ भने, ग्राहकको खुला कारोबार, खुला मूल्यसंग परिसमापन गरिनेछ ।
- ✓ यस अवस्थामा ग्राहकले किनेको वस्तुमा भौतिक हस्तान्तरणको लागि दाबी गर्न सक्नेछैन ।

<u>दोस्रो अवस्था</u>: यदि करार वैधता समयभित्र ग्राहकको खातामा इक्विटी हिट (इक्विटी 'प्रयुक्त मार्जिनको ४% + आधा कमिसन' मा पुग्दा ) हुन्छ भने, ग्राहकको खुला कारोबार बजार मूल्यमा परिसमापन गरिनेछ । तथापी ग्राहकले इक्विटी हिटमा पनि यदि T+२ दिनको दिउँसोको ३ बजे भित्र बाँकी रकम बुझाएमा सुनको भौतिक हस्तान्तरण लिन सक्नेछ ।

- माथिका २ अवस्थामा परिसमापन हुनुको नतिजा:
  - ✓ ग्राहकले वास्तविक नोक्सान व्यहोर्नु पर्नेछ (यदि ग्राहकको कारोबार स्थलमा खुला कारोबार परिसमापनको समयमा नोक्सानमा छ भने )
  - ✓ ग्राहकले फरक मूल्यको नोक्सान व्यहोर्नु पर्नेछ (जब ग्राहकको परिसमापन मूल्य र नयाँ खरीदारको मूल्यबीच फरक हुन्छ त्यसलाई फरक मूल्यको नोक्सान भनिन्छ)

- ✓ ग्राहकलाई थप २% जरिवाना लाग्नेछ । यो २% जरिवाना, ग्राहकको वास्तविक नोक्सान र फरक मूल्य नोक्सान घटाएपछिको बाँकि रकममा लाग्नेछ ।
- ✓ सबै माथि उल्लेखित रकम घटाएर मात्र बाँकी रकम ग्राहकले फिर्ता पाउनेछ ।

- ग्राहकको इक्विटी हिट पूर्व विक्रेताले ग्राहकलाई सुचना दिन सक्दो प्रयास गर्नेछ, तापनि यो विक्रेताको जिम्मेवारी होइन । यो बिषयमा ग्राहक स्वयम सचेत हुनुपर्दछ र इक्विटी हिटपूर्व परिसमापनबाट सुरक्षित हुन, आफ्नो खातामा पर्याप्त रकम जम्मा गर्नु पर्दछ ।

## ५) बैंकिङ्ग कारोबार नियम

ग्राहकले आफूले खाता खोलेको बैंकमा रहेको क्लियरिङ्ग सदस्यको सेग्रिगेत खातामा ‘ प्रारम्भिक मार्जिन + कमिसन’ र ‘बाँकी करार मूल्य’ जम्मा गर्नुपर्ने हुन्छ ।

## ६) गणना सहितको उदाहरण

जस्तै ग्राहकले DGOLD10GM रु.४०,००० प्रति १० ग्राममा किनेको छ भने,

| | | |
|---|---|---|
| करारको कुल मूल्य | = | रु.४०,००० * १ |
| | = | रु.४०,००० |
| कारोबार शुल्क (कमिसन) | = | रु. ३०० |
| प्रारम्भिक मार्जिन | = | १० % * ४०,००० |
| | = | रु.४,००० |
| इक्विटी हिट लेभल | = | प्रयुक्त मार्जिनको ४% (४,०००) + आधा कमिसन (१५०) |
| | = | रु.१६० + रु.१५० |
| | = | रु. ३१० |

खरिद गर्न आवश्यक रकम = प्रारम्भिक मार्जिन + कमिसन

= रु.४,३०० [४०००+३००]

करार वैधताको दिउँसोको ३ बजे भित्र यदि ग्राहकले बाँकी रकम (रु.३६,०००) जम्मा गरेको छैन भने एक्सचेन्जले करार समाप्ति बेलाको बजार मूल्यमा खुला कारोबारको परिसमापन गर्नेछ र विक्रेताले एक नयाँ खरीदारको खोजी गर्नेछ ।

ग्राहकले मूल्य रु. ४०,००० प्रति १० ग्राममा किनेको थियो र वर्तमान बजार मूल्य रु.३९,५०० प्रति १० ग्राम छ भने

ग्राहकको कारोबारस्थल (ट्रेडिङ सफ्टवेयर)मा हुने वास्तविक घाटा रु.(४०,००० - ३९,५००)* १

= रु.५००

यदि नयाँ क्रेता करारको लागि रु.३९००० प्रति १० ग्राम तिर्न तयार छ भने, फरक मूल्यको नोक्सान तिर्नु पर्ने दायित्व ग्राहकको हुनेछ ।

फरक मूल्य नोक्सान = रु.(३९५०० - ३९,०००)* १

= रु.५,००

फेरि, बाँकी रकममा २% जरिवाना लाग्नेछ ,अर्थात्

जरिवाना = २% * [प्रारम्भिक मार्जिन -(वास्तविक घाटा + फरक मूल्य घाटा)]

= २% * [४,००० - (५०० + ५००) ]

= २% * ३,०००

= रु. ६०

तसर्थ, ग्राहकले करार वैधता भित्र बाँकी रकम जम्मा गरेको छैन र ग्राहकको खातामा इक्विटी हिट लेभल पुगेको छैन भने ग्राहकले फिर्ता पाउने रकम निम्नअनुसार रहने छ ।

= ४,०००-५००-५००-६० = रु. २,९४०

**महत्वपूर्ण बुदाँहरु :**

- यो उदाहरण ग्राहक नोक्सानी अवस्थामा छ भने लागु हुन्छ र यहि हिसाब इक्विटी हिटमा पनि लागु हुनेछ ।

- ग्राहक नाफा अवस्थामा छ भने, ग्राहकको खुला कारोबार खुला मूल्यमै परिसमापन गरिनेछ र ग्राहकले फरक मूल्य नोक्सान (यदि छ भने) र २% जरिवाना वहन गर्नुपर्नेछ । ग्राहकले नाफा रकमका लागि दाबी गर्न पाउने छैन ।

## ७) वैधानिक व्यवस्था

- ग्राहकले यस करारमा खरिद (BUY) अर्डर मात्र लिन पाउनेछन् । लिइसकेको अर्डर ग्राहकको कारोबारस्थलमा बन्द गर्ने अधिकार ग्राहकलाई नभई एक्सचेन्जलाई हुनेछ ।

- गहनागृहबाट लिएको सुनलाई ग्राहकले गहनागृहलाई नेसुचा व्यवसायी संघको प्रचलित मुल्यमा बेच्न सक्नुहुन्छ ।

- करारको वैधता पोजिसन लिएको दिनपछिका लगातार दिनहरु हुनेछ । यस समयमा राष्ट्रिय बिदा पर्न सक्नेछन् । तसर्थ त्यसको गणना ग्राहक आफैले गर्नुपर्नेछ ।

- करार समाप्ति T+ २ दिन (लगातार गणना हुने गरी) रहेकाले हस्तान्तरण रसिदमा सोही अनुसार उल्लेख गरिनेछ । तर करार समाप्ति बजार बिदाको दिन परेमा अर्को दिनको दिउँसो ३ बजे सम्म रकम जम्मा गर्न समय पाउने छ ।

- ग्राहकले इक्विटी हिटमा पनि यदि T+२ दिनको दिउँसोको ३ बजे भित्र बाँकी रकम बुझाएमा सुनको भौतिक हस्तान्तरण लिनका लागि दाबी गर्न सक्नेछ ।

- ग्राहकलाई भौतिक हस्तान्तरणका लागि गरगहनाको नाममा बिल दिइनेछ ।